# स्थानीय राजपत्र फेदेन

## फिदिम नगरपालिकाद्वारा प्रकाशित

| खण्ड ६ | फिदिम, पाँचथर | श्रावण १ गते, २०७९ | संख्या २ |
|---|---|---|---|

**भाग २**

**फिदिम नगरपापलिका**

**नगर कार्यपालिकाको कार्यालय**

**फिदिम, पाँचथर**

# फिदिम नगरपालिका शिक्षा (पहिलो संशोधन) नियमावली, २०७९

**प्रस्तावना:**

फिदिम नगरपालिका शिक्षा नियमावली, २०७४ लाई संशोधन गर्न वाञ्छनिय भएकोले फिदिम नगरपालिका शिक्षा ऐन, २०७४ को दफा ४९ (१) ले दिएको अधिकार प्रयोग गरि फिदिम नगर कार्यपालिकाले यो नियमावली जारी गरेको छ।

# फिदिम नगरपालिका शिक्षा (पहिलो संशोधन) नियमावली, २०७९

फिदिम नगरपालिका शिक्षा नियमावली, २०७४ लाई संशोधन गर्न वाञ्छनिय भएकोले फिदिम नगरपालिका शिक्षा ऐन, २०७४ को दफा ४९(१) ले दिएको अधिकार प्रयोग गरि फिदिम नगर कार्यपालिकाले यो नियमावली जारी गरेको छ।

१) **संक्षिप्त नाम र प्रारम्भः-**

(क) यो नियमावलिको नाम "फिदिम नगरपालिका शिक्षा (पहिलो संसोधन) नियमावली, २०७९" रहेको छ।

(ख) यो नियमावली तुरुन्त प्रारम्भ हुने छ।

२) फिदिम नगरपालिका शिक्षा नियमावली २०७४ को नियम ६ पछि देहायको नियम ६ क. थप गरिएको छ।

६ क. संस्थागत विद्यालय स्थान्तरण सम्बन्धी ब्यबस्था :- संस्थागत बिध्यालय स्थान्तरण गर्दा देहाय बमोजिम मात्र हुनेछ।

(क) नगरपालिका भित्रका संस्थागत बिध्यालय स्थान्तरण :- नगरपालिका क्षेत्र भित्र अनुमति पाप्त गरि सञ्चालन भएका संस्थागत बिध्यालय एक स्थान बाट अर्को स्थानमा स्थानान्तरण गर्न चाहेमा निम्न बमोजिमका कागजात सम्लग्न राखि शैक्षिक सत्र सुरुहुनु भन्दा दुई महिना अगाबै नगर कार्यपालिकाको कार्यालयमा अनुसूचि ४ बमोजिमको ढाँचामा निबेदन दिनु पर्ने छ।

(१) विद्यालय सञ्चालनको अनुमति पत्रको प्रतिलिपि।

(२) जुन स्थानबाट विद्यालय स्थान्तरण हुने हो सो स्थानको वडा कार्यालयको सिफारिस पत्र।

(३) जुन स्थानमा विद्यालय स्थान्तरण हुनेहो उक्त स्थानको वडा कार्यालयको स्थान्तरण सहमति सिफारिस पत्र।

(४) बिध्यालय जुन स्थानमा स्थान्तरण भई आउने हो उक्त स्थानको सबै भन्दा नजिकको सामुदायिक विद्यालयको स्थान्तरण सहमति सिफारिस पत्र।

(५) बिध्यालय स्थान्तरण सम्बन्धि बिध्यालय ब्यबस्थापन समितिको निर्णय।

(६) चालु कक्षा थपको अनुमति पत्रको प्रतिलिपि ।
(७) संस्था दर्ता नविकरण, लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी ।
(८) विद्यालयको शैक्षिक सत्रको EMIS भरेको विद्यालयको कोड नम्वर ।
(९) आयकर दर्ता (स्थायी लेखा नं., अघिल्लो बर्षसम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
(१०) तह अनुसारको धरौटी रकम राखेको भौचर ।
(११) विद्यालयले विद्यार्थी सँग लिने शुल्क प्रस्ताव स्वीकृत गरिएको प्रतिलिपी ।
(१२) स्थानान्तरण हुने विध्यालयको स्थान्तरण हुने स्थानमा आफ्नो स्वामित्वमा घर जग्गा नभएमा न्यूनतम् ५ बर्षसम्म अबधि भएको सम्झौता गरेको कागजको प्रतिलिपि ।

(ख) अन्तर स्थानीय तह बिध्यालय स्थान्तरण सम्बन्धि व्यवस्था: कुनै एक स्थानीय तहमा विद्यालय सञ्चालनको अनुमति प्राप्त गरि सञ्चालन भएको संस्थागत विद्यालय अर्को स्थानीय तहमा स्थानान्तरण गर्न चाहेमा निम्न बमोजिमका कागजात संलग्न राखि शैक्षिक सत्र सुरु हुनु भन्दा दुई महिना अगावै नगर कार्यपालिकाको कार्यालयमा अनुसूचि ४ को ढाँचामा निबेदन दिनु पर्ने छ ।
(१) विद्यालय सञ्चालन अनुमति पत्रको प्रतिलिपि ।
(२) विद्यालय सञ्चालक समितिको विद्यालय स्थान्तरण सम्बन्धी निर्णय ।
(३) जुन स्थानीय तहबाट विद्यालय स्थान्तरण हुने हो उक्त स्थानीय तहको सहमति सिफारिस पत्र ।
(४) जुन स्थानमा विद्यालय स्थानान्तरण भई आउने हो उक्त स्थानको वडा कार्यालयको विद्यालय स्थानान्तरण सहमति सिफारिस पत्र ।
(५) जुन स्थानमा विद्यालय स्थानान्तरण भई आउने हो उक्त स्थानको नजिकमा रहेको सामुदायीक विद्यालयको सहमती पत्र ।
(६) चालु कक्षा थप अनुमति पत्रको प्रतिलिपि पत्र ।
(७) संस्था दर्ता नविकरण र लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी ।
(८) विद्यालयको शैक्षिक सत्रको इमिस भरेको विद्यालयको कोड नम्वर ।
(९) आयकर दर्ता (स्थायी लेखा नं., अघिल्लो बर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
(१०) तह अनुसारको धरौटी रकम राखेको भौचर ।
(११) विद्यालयले विद्यार्थी सँग लिने शुल्क प्रस्ताव स्वीकृत गरिएको प्रतिलिपी ।





(१२) विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीहरुको सेवा शर्त सम्वन्धी विनियमावलीको प्रतिलिपी ।
(१३) विद्यालयले पठन पाठन गराउने पाठ्यक्रम विकास केन्द्रद्धारा सुचीकृत पाठ्यपुस्तकको विवरण ।
(१४) स्थानान्तरण हुने विध्यालयको स्थान्तरण हुने स्थानमा आफनो स्वामित्वमा भवन तथा जग्गा नभएमा न्यूनतम् ५ बर्ष सम्म समयाबधिको सम्झौता गरेको कागजको प्रतिलिपि ।
(१५) विद्यालय सञ्चालन सम्बन्धि कम्पनि रजिष्टारको कार्यालय वा गुठि दर्ता स्विकृत प्रबन्ध पत्रको प्रतिलिपि ।

(ग) उपनियम (क) वा (ख) बमोजिमको निबेदन प्राप्त हुन आएमा फिदिम नगर कार्यपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकुद शाखाबाट अनुगमन गरि प्रतिबेदन पेश गर्नु पर्ने छ ।
(घ) उपनियम (ग) बमोजिम प्रतिवेदनबाट विद्यालय स्थानान्तरण गर्न आवश्यक कागजाज सहितको सिफारिस उचित देखिएमा नगर शिक्षा समितिको बैठमा उक्त प्रतिबेदन पेश गर्नु पर्ने छ ।
(ङ) उपनियम (घ) बमोजिम नगर शिक्षा समितिको बैठकबाट विद्यालय स्थानान्तरणको सिफारिस प्राप्त भए पछि नगर कार्यपालिकाको बैठक बाट विद्यालय स्थानान्तरणको स्विकृत प्रदान गर्न सक्नेछ ।
(च) उपनियम (ङ) बमोजिम नगरकार्यपालिकाबाट विद्यालय स्थान्तरण सम्बन्धी अनुमति प्रदान गर्दा सामान्यतया शैक्षिक सत्र सुरुहुनु भन्दा अगाडिनै प्रदान गर्नु पर्ने छ ।

आज्ञाले,
गणेश प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत